यो आकाशवाणी हो।

28-11-25

मुख्य समाचार।      underplay

- राष्ट्रपतिले भारत सरकारले समाजलाई धेरै समावेशी, शान्तिपूर्ण, स्वस्थ र मूल्य-आधारित बनाउनका लागि अनेकौँ महत्वपूर्ण कदम उठाइरहेको बताउनुभयो
- विकसित भारतको मार्ग मानिसहरूको एकतामा निहित रहेको प्रधान मन्त्रीको भनाई
- सरकारले भारतीय सशस्त्र बललाई भविष्यका लागि तयार राख्न निरन्तर कदम उठाइरहेको रक्षा मन्त्रीको दाबी
- सूचना र प्रसारण मन्त्रीले भारत छिट्टै नै विश्वमा एउटा प्रमुख सेमीकण्डक्टर राष्ट्र बन्ने विचार व्यक्त गर्नुभयो, अनि
- छप्पन औँ भारतीय अन्तरराष्ट्रीय फिल्म महोत्सव सम्पन्न हुने आज अन्तिम दिन

35 राष्ट्रपति-लखनऊ

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, भारत सरकारले समाजलाई धेरै समावेशी, शान्तिपूर्ण, स्वस्थ र मूल्य-आधारित बनाउनका लागि अनेकौँ महत्वपूर्ण कदम उठाइरहेको छ। राष्ट्रपतिले भन्नुभयो, योग र ध्यानलाई वैश्विक स्तरमा बढ़ोत्तरी दिनु तथा अन्तर्राष्ट्रीय योग दिवस अभियानलाई नेतृत्व गर्ने जस्तो यो पहल हो। राष्ट्रपतिले आज उक्त विचार उत्तर प्रदेशको लखनऊमा **ब्रह्माकुमारीजको दुई हजार पच्चीस-छबीसको वार्षिक थीम, 'विश्व एकता र विश्वासका लागि ध्यान' कार्यक्रम** शुभारम्भ समारोहमा  व्यक्त गर्नुभएको हो।। उहाँले भन्नुभयो, भारतको प्राचीन सभ्यताले सधैँ   विश्वलाई **वसुधैव कुटुम्बकम** को सन्देश दिएको छ। राष्ट्रपतिले भन्नुभयो आज विश्वले धेरै चुनौतिहरूको  सामना गरिरहेको छ भने यो विचार प्रासंगिक हुनजान्छ।

Byte-1 president basudaiwa kutumbakam

समाजमा मूल्यहरूलाई स्थापित गर्नका लागि सरकारको प्रयासहरूको उल्लेख गर्दै राष्ट्रपतिले भन्नुभयो, राष्ट्रीय शिक्षा नीतिमा मूल्य-आधारित शिक्षाको पहल पनि शामेल छ। उहाँले भन्नुभयो महिलाहरूको सम्मान र सामाजिक समावेशलाई बढ़ोत्तरी दिनका लागि पनि कार्यक्रम चलाइरहेको छ। उहाँले देशवासीहरूलाई एउटा शान्तिपूर्ण र विश्वासपूर्ण विश्व निर्माणमा आफ्नो भूमिका निभाउने र अघि बढ्ने आह्वान गर्नुभयो।

55. प्रधानमंत्री - गोवा

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, विकसित भारतको मार्ग मानिसहरूको एकतामा निहित छ। प्रधान मन्त्रीले भन्नुभयो, विभिन्न कठिन परिस्थितिहरू हुँदाहुँदै पनि गोवाले आफ्नो मूल संस्कृतिलाई सुरक्षित राखिरहेको छ, र समयका साथमा यसको कायाकल्प पनि गरेको छ। गोवाको **कैना कोनामा** श्री संस्थान गोकर्ण **परतगली जीवोत्तम** मठको कार्यक्रममा श्री मोदीले समाजका लागि यो ऐतिहासिक मठको सतत योगदानको प्रशंसा गर्नुभयो। उहाँले मठलाई भावी पीढ़िहरूलाई प्रेरित गर्ने मूल्यहरू कायम राख्ने आधारशिला बताउनु भयो। श्री मोदीले भन्नुभयो, यस संस्थाले आस्था, मानवता र संस्कृतिको रक्षा गरेको छ।

18 प्रधानमंत्री-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार बिहान एघाह्र बजे आकाशवाणीमा मन की बात कार्यक्रमको एक सय अठ्ठाइस औँ श्रृङ्खलामा देश-विदेशका मानिसहरूका साथा आफ्नो विचार साझा गर्नुहुनेछ। कार्यक्रमलाई पूरा आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार

वेबसाइट र न्यूज़ अन एयर मोबाइल ऐप मा प्रसारित गरिनेछ। यसको सीधा प्रसारण आकाशवाणी समाचार, डी डी न्यूज़, प्रधानमन्त्री कार्यालय र सूचना अनि प्रसारण मन्त्रालयको यूट्यूबहरूमा पनि गरिनेछ।

32 संशो राजनाथ-सीडीडी

रक्षा मन्त्री राजनाथ सिंहले आज भन्नुभयो, भारतले शान्ति र संवादमा विश्वास राख्छ तर राष्ट्रको संप्रभुता तथा देशवासीहरूको सुरक्षालाई लिएर यो समझौता गरिनेछैन। चाणक्य रक्षा संवाद -सी.डी.डी दुई हजार पच्चीस-लाई सम्बोधन गर्दै श्री सिंहले भन्नुभयो संयम र दृढ़ताका माध्यमले भारतीय सशस्त्र बलले देशका छिमेकीको चुनौतिहरूको सामना गरेको छ र क्षेत्रको स्थिरतालाई कायम राखेको छ।

Byte- 2 Rajnath Singh Samprabhuta

रक्षा मन्त्रीले भन्नुभयो, सरकारले भारतीय सशस्त्र बललाई भविष्यका लागि तयार राख्न निरन्तर कदम उठाइरहेको छ।

रक्षा मन्त्रीले भन्नुभयो, सरकार सुरक्षा र कनेक्टिविटी दुवैका समर्थन दिनका लागि सीमा र समुद्री बुनियादी ढाँचालाई सशक्त बनाइरहेको छ। उहाँले भन्नुभयो मन्त्रालयले नयाँ मञ्च, प्रौद्योगिकिहरू र अवसंरचनाहरूको माध्यमले सशस्त्र बललाई आधुनिक बनाइरहेको छ। रक्षा मन्त्रीले दोस्रो हरित पहल ब्रोशरको शुभारम्भ गर्नुभयो भने उहाँले एकीकृत ए.आई प्लेटफर्म एकम ए.आई, भारतको पहिलो सैन्य जलवायु विज्ञान एप्लिकेशन 'प्रक्षेपण', सैन्य अधिकारीहरूका लागि ए.आई पुस्तिका र तेस्रो डिजिटलीकरण पुस्तक पनि अनावरण गर्नुभयो।

Gong1

समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

39 नया पंजाब-वैष्णव

सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, भारत छिट्टै नै विश्वमा एउटा प्रमुख सेमीकण्डक्टर राष्ट्र बन्नेछ । उहाँले भन्नुभयो, मोहाली स्थित सेमीकण्डक्टर प्रयोगशाला- एस.सी.एल-ले यस क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउनेछ । मोहालीमा सेमीकण्डक्टर प्रोसेस गेलरी र पारंगत सेमीकण्डक्टर प्रशिक्षण प्रयोगशालाको उदघाटन गर्दै श्री वैष्णवले भन्नुभयो, भारतले सेमीकण्डक्टर मिशनको प्रधानमन्त्रीको विजन अन्तर्गत पन्जाब स्थित यस सुविधालाई पैतालिस सय करोड़ रुपियाँ निवेश गरी विकास गर्नेछ।

41. जल शक्ति-सम्मेलन

जल शक्ति मन्त्री सी.आर पाटिलले आज भन्नुभयो, जल जीवन मिशन अन्तर्गत देश भरीमा पन्द्रह करोड़ ग्रामीण घरलाई नाला र पानीको कनेक्शन दिएको छ। नयाँ दिल्लीमा सुजलम भारत सम्मेलनका लागि विज़नमा श्री पाटिलले प्रत्येक नागरिकका लागि सतत पानीको सुरक्षा सुनिश्चित गर्नका लागि सरकारको प्रतिबद्धता दोहोर्याउनु भयो। उहाँले भन्नुभयो, यो सम्मेलन पानी बचाउनका लागि वैज्ञानिक र सतत तरीका बनाउनका लागि ठूलो देशव्यापी प्रयासको भाग हो।

52. निर्वाचन आयोग - एस आई आर

निर्वाचन आयोगले भन्यो, विशेष गहन पुनरीक्षण - **एस आई आर** को दोस्रो चरणको शुरूवात पछि मतदाताहरू बीच पचास करोड़ अड़सठ लाखभन्दा धेरै गणना प्रपत्र वितरण गरिसकेको छ। यस चरणमा सामेल हुने लगभग एकाउन्न करोड़ मतदाताहरूको यो निनानब्बे दशमलव चार-तीन प्रतिशत हो। मतदाता सूचीको विशेष गहन पुनरीक्षणको दोस्रो चरण चार नवेम्बरमा नौँ राज्यहरू र तीन केन्द्र शासित प्रदेशहरूमा शुरू भयो। ती राज्य र केन्द्र शासित प्रदेश हुन् छत्तीसगढ़, गोवा, गुजरात, केरल, मध्य-प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर-प्रदेश, पश्चिम बंगाल, पुद्दुचेरी, लक्षद्वीप, अंडमान र निकोबार द्वीप समूह।

58. संशो इफ्फी

छप्पन औँ भारतीय अन्तरराष्ट्रीय फिल्म महोत्सव सम्पन्न हुने आज अन्तिम दिन हो। बीस नवेम्बरमा परेडका साथमा यो महोत्सव भव्यतापूर्वक उद्घाटन भएको थियो। यस वर्ष **फिल्मोत्सव** मा एकासी देशहरूको दुई सय चालीसभन्दा धेरै चलचित्र देखाए जसमा जापान फोकस कन्ट्री, स्पेन पार्टनर कन्ट्री र अस्ट्रेलिया स्पटलाइट कन्ट्री रहेको छ।

अन्त्यमा मुख्य समाचार फेरी एकपल्ट

- राष्ट्रपतिले भारत सरकारले समाजलाई धेरै समावेशी, शान्तिपूर्ण, स्वस्थ र मूल्य-आधारित बनाउनका लागि अनेकौँ महत्वपूर्ण कदम उठाइरहेको बताउनुभयो
- विकसित भारतको मार्ग मानिसहरूको एकतामा निहित रहेको प्रधान मन्त्रीको भनाई
- सरकारले भारतीय सशस्त्र बललाई भविष्यका लागि तयार राख्न निरन्तर कदम उठाइरहेको रक्षा मन्त्रीको दाबी,

- सूचना र प्रसारण मन्त्रीले भारत छिट्टै नै विश्वमा एउटा प्रमुख सेमीकण्डक्टर राष्ट्र बन्ने विचार व्यक्त गर्नुभयो, अति
- छप्पन औँ भारतीय अन्तरराष्ट्रीय फिल्म महोत्सव सम्पन्न हुने आज अन्तिम दिन